गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
स्था: २०७३


पत्र संख्या: २०८३/०८४
चलानी नं.

**आ.व. २०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा।**
**सूचना नं: ०१ /२०८३/०८४**
**सूचना प्रकाशित मिति: २०८३/०४/०४**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (५०) को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) तथा निजामति सेवा नियमावली, २०५० को नियम ११८ (१) मा व्यवस्था भए बमोजिम यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी (निजामति, स्थायी, करार, ज्यालादारी) तथा सार्वजनिक पदधारणा गरेको पदाधिकारी (जनप्रतिनिधि) हरुको आ.व. २०८२/०८३ को सम्पत्ति विवरण आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र अनलाईन ईन्ट्री गरि विभिन्न निकायहरुमा पठाउनुपर्ने भएकाले सम्बन्धित सबैले आ-आफ्नो सम्पत्ति विवरण फारम भरी अनिवार्य रुपमा ४*९ ईन्चको सिलबन्दी खाममा राखि २०८३ साल भाद्र १५ गते भित्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**थप जानकारी:-**

- गौमुखी गाउँपालिकाका जनप्रतिनिधि, स्थानीय सरकारी सेवामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, गौमुखी गाउँपालिका अन्तर्गत विभिन्न शाखा, निकाय एवं वडा कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुले गौमुखी गाउँपालिकाको कार्यालयमा दर्ता गराउने।
- संघीय निजामती सेवाबाट स्थानीय तहमा कामकाजको लागि खटिइ आएका कर्मचारी र स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरुले व्यक्ति स्वयंले पठाउन नसक्ने भएमा एकमुष्ठ पठाउनका लागि आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिन भित्र गौमुखी गाउँपालिकाको कार्यालयमा सम्पत्ति विवरण बुझाउने।
- गौमुखी गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुले, गौमुखी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराउने।

**साथै सम्पत्ति विवरण बुझाउँदा सिलबन्दी खामको बाहिर पट्टी देहाय बमोजिमको विवरण खुल्ने गरि उल्लेख गर्नुहुन अनुरोध छ।**

| क्र.स. | विवरण | क्र.स. | विवरण |
|---|---|---|---|
| १ | कर्मचारीको संकेत नं. (भएमा): | ५ | श्रेणी/तह: |
| २ | नाम, थर: | ६ | कार्यरत कार्यालय: |
| ३ | पद/दर्जा: | ७ | मोवाईल नं.: |
| ४ | सेवा/समूह/नोकरीको किसिम | ८ | ईमेल ठेगाना: |

२०८३/०४/०४
दुर्गा प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा, गौमुखी गाउँपालिका। (वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन।)
श्री वडा कार्यालय सबै, गौमुखी गाउँपालिका। (वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई जानकारी गराउनुहुन।)
श्री शिक्षा युवा तथा खेलकुद शाखा, गौमुखी गाउँपालिका। (सम्पूर्ण विद्यालयमा जानकारी गराउनुहुन।)